अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/०८ गते मुद्दा नं. ०८०-CR-०१९६ मा विशेष अदालतबाट भएको फैसला उपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसलाका आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु डा.वैकुण्ठ अर्याल, रितेश कुमार शाक्य, टंक प्रसाद पाण्डेय, बिकल पौडेल, गणेश विक्रम शाही, रविन्द्र प्रसाद पौड्याल, हरिबल्लभ घिमिरे, विष्णु प्रसाद गौतम, शक्ति प्रसाद श्रेष्ठ, Print Cell Pvt.Ltd. तथा सोका निर्देशक केशव शर्मा **(मुद्दा नं. ०८०-CR-०१९६, फैसला मिति २०८१/०८/१३)**	सुरक्षण मुद्रण केन्द्रबाट अन्तःशुल्क स्टिकर छपाई गर्दा सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।	**आयोगको मागदावी** ➢ **प्रतिबादी डा.वैकुण्ठ अर्यालको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरमा बिगो रु.३८,६७,१७,६४०।– (अक्षरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु. ६,८४,४५,६००/- (अक्षरेपि छ करोड चौरासी लाख पैतालिस हजार छ सय) रकम निजबाट असुल उपर हुन, आफूमा नभएको अधिकार प्रयोग गरी सुरक्षण मुद्रण केन्द्रको खरिद गुरुयोजना स्वीकृत गरेकोले सोही ऐनको दफा १५ बमोजिमको सजाय गरी पाउन र निजले विशिष्ट श्रेणीमा रही कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिइएको । ➢ **प्रतिबादी बिकल पौडेलको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरमा बिगो रु.३८,६७,१७,६४०।– (अक्षरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु. ६,८४,४५,६००/- (अक्षरेपि छ करोड चौरासी लाख पैतालिस हजार छ सय) रकम निजबाट असुल उपर हुन र निज सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा रही कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप	**फैसलाः** केही प्रतिबादीलाई आंशिक ठहर र केही प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • प्रतिवादीहरु विकल पौडेल र सफल श्रेष्ठले आन्तरिक राजस्व विभागसँग अन्तशुल्क स्टिकर छपाईका लागि प्रिन्टसेलसँग Operate Print Service and Deliver सम्झौता गरी प्रिन्टसेलको सहभागितामा सुरक्षाका दृष्टिकोणले अति संवेदनशील अन्तःशुल्क टिकट छपाई कार्य अघि बढाई प्रतिवादी पिन्टसेललाई बदनियतपूर्वक कै अग्रिम पेश्की भुक्तानी गरेको देखिएबाट सो रकमको प्रयोजनहीन तबरले खर्च हुन गएको अवस्था देखिँदा निज प्रतिवादीहरु विकल पौडेल र सफल श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर पुष्टि भई निज प्रतिवादीहरु उपर जनही बिगो रु.३,४२,२२,८००।– (तीन करोड बयालिस लाख बाइस हजार आठ सय) नोक्सानी गरेको देखिएकाले उक्त कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम दफा ३(१)(झ) बमोजिम सजाय हुने । • प्रतिवादी डा.वैकुण्ठ अर्यालले	<u>प्रतिबादी डा.वैकुण्ठ अर्यालको हकमाः</u> • प्रतिवादी डा.वैकुण्ठ अर्यालको अन्तःशुल्क स्टिकर छपाईको खरिद प्रकृयामा संलग्नतातर्फ हेर्दा निज प्रतिवादी तत्कालीन अवस्थामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं सुरक्षण मुद्रण विकास समितिको अध्यक्ष पदमा बहाल रहेको देखिन्छ। सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ को उपदफा (१) को देहाय (घ) विपरीतको खरिद विधि उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) विपरीत तयार पारेको खरिद गुरुयोजना सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(३) मा उल्लेख भए अनुसार सम्बन्धित सार्वजनिक निकायको खरिद नियमावली वा विनियमावलीमा व्यवस्था भएको अधिकारीबाट स्वीकृत हुनु पर्नेमा सोको विपरीत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा.वैकुण्ठ अर्याल आफैंले स्वीकृत गरेको तथ्य उक्त खरिद गुरुयोजनाको स्वीकृत निर्णयबाट पुष्टि भएको छ। • सुरक्षण मुद्रण विकास समितिका अध्यक्षले सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशकसँग कार्यसम्पादन सम्झौता गर्दा विकास समितिबाट निर्णय गराई प्राप्त अख्तियारी अनुसार गर्नु पर्नेमा सोको विपरीत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवकै हैसितयमा आफैंले सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशकसँग कार्यसम्पादन सम्झौता गरेको देखिँदा प्रतिवादी बिकल पौडेलसँग यी प्रतिवादी डा.वैकुण्ठ अर्यालको बदनियतपूर्ण सम्बन्ध रहेको तथ्य स्थापित भएको देखिन्छ।सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ को आधारमा आफू र सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशकबीच मिति २०७९/०४/०९ मा भएको कार्यसम्पादन सम्झौता बमोजिम काम भए नभएको बारेमा अनुगमन एवं समीक्षा गरी सुधारको लागि पहल गर्नुपर्नेमा सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले कार्यसम्पादन सम्झौता विपरीतका काम कारवाही अगाडि बढाउँदा समेत सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ११ ले तोके बमोजिम कारबाही गर्नेतर्फ निज डा.वैकुण्ठ अर्यालले कुनै पहल नगरी समर्थन गरेको देखिँदा उक्त गलत कार्यको वारेमा निजलाई पुर्व जानकारी रहेको तथ्य पुष्टि भएको देखिन्छ। • सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ५ को खण्ड (क),(च),(छ) र (ज) मा उल्लिखित कामहरु निज डा.वैकुण्ठ अर्यालले आफ्नै अध्यक्षतामा रहेको समितिबाट निर्णय गराउनु पर्नेमा सो नगरी/नगराई वा अधिकार प्रत्यायोजन नगरी/नगराई मनोमानी ढंगले केन्द्रका काम कारवाही अगाडि बढाउन कार्यकारी निर्देशक विकल पौडेललाई स्वीकृति दिएको तथा सुरक्षण मुद्रण केन्द्रले सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ५ को खण्ड (घ) मा उल्लिखित कानुनी प्रावधान विपरीत निजीक्षेत्र मार्फत अन्तःशुल्क स्टिकर छपाईको लागि आव्हान गरेको बोलपत्रको प्रक्रियाको सम्बन्धमा थाहा जानकारी हुँदाहुँदै सो प्रक्रियालाई रोक्न,

			सजाय समेत हुन मागदाबी लिइएको । ➢ **प्रतिवादीहरु रितेश कुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही, रविन्द्र प्रसाद पौड्याल, सफल श्रेष्ठ, हरिबल्लभ घिमिरे, विष्णु प्रसाद गौतम, र शक्ति प्रसाद श्रेष्ठको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरमा बिगो रु.३८,६७,१७,६४०।– (अक्षरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु. ६,८४,४५,६००/- (अक्षरेपि छ करोड चौरासी लाख पैतालिस हजार छ सय) रकम निजहरुबाट असुल उपर हुन मागदाबी लिईएको। ➢ **प्रतिवादी Print Cell Pvt.Ltd. तथा सोका निर्देशक एवम् संचालक केशव शर्माको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गर्न/गराउन सोही ऐनको दफा २२ बमोजिम रकम लिने खाने प्रकृतिको मतियारको भूमिका निर्वाह गरेकोले हानिनोक्सानी भएको रु.३८,६७,१७,६४०/– (अक्षरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस) बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह कैद र जरिबानाको सजाय गरी भुक्तानी भएको रु. ६,८४,४५,६००/- (अक्षरेपि छ करोड चौरासी लाख पैतालिस हजार छ सय) रकम असुल उपर हुन मागदाबी लिइएको । **अदालतको फैसला** • **प्रतिवादी विकल पौडेल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को खण्ड (झ) बमोजिम ८ (आठ) वर्ष कैद, रु.३,४२,२२,८००।– (तीन करोड बयालिस लाख बाइस हजार आठ सय) जरिबाना र रु.३,४२,२२,८००।– (तीन करोड बयालिस लाख बाइस हजार आठ सय) बिगो असुल उपर हुने ठहर गरी फैसला भएको ।	सुरक्षण मुद्रण केन्द्रका लागि LMBIS बाट विनियोजन भएको बजेटबाट खरिद योजना तयार भई केन्द्रबाट स्वीकृतिका लागि पेश हुँदा सदनियतले काम गरेको हुँदा निज प्रतिवादीले सरकारी सम्पत्ति हानिनोक्सानी गरेको र निजी लाभ लिएको भन्ने आरोपदावी पुष्टि हुन नसकेको । • प्रतिवादीहरु रितेश कुमार शाक्य, गणेश विक्रम शाही, टंकप्रसाद पाण्डेय र रविन्द्र प्रसाद पौडेलले अन्तःशुल्क स्टिकर निःशुल्क रुपमा छाप्न सर्तसहित अर्थ मन्त्रालयको सैद्धान्तिक सहमतिका लागि प्रक्रिया अगाडि बढाएको तर वित्तीय क्रियाकलापमा कुनै सहभागिता नजनाएको । • प्रतिवादीहरु हरिवल्लभ घिमिरे र विष्णुप्रसाद गौतमले खरिद प्रक्रियामा कुनै निर्णायक भूमिका नरहेको, केन्द्रका कार्यकारी प्रमुखको निर्देशनमा टिप्पणी उठाई तहगत रुपमा पेस गर्ने कार्यसम्म गरेको हुँदा खरिद प्रक्रियामा निजहरुको बदनियत र मिलेमतो रहेको नदेखिएको । • प्रतिवादी शक्ति प्रसाद श्रेष्ठले करार सम्झौतामा परामर्श दिने कार्यसम्म गरेको र उक्त परामर्श अध्ययन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ समेतका आधारमा बोलपत्र स्वीकृत गर्ने अधिकार केन्द्रका प्रमुखलाई नै हुने हुँदा परामर्श बाध्यात्मक रुपमा लागु नहुने र परामर्शमा बदनियत रहेको भन्ने पुष्टि हुन नसकेको ।	सच्याउन, बदर गराउन पहल नगरी मौन स्वीकृति दिएकोले उक्त खरिद प्रक्रिया अगाडि बढेको देखिँदा निज प्रतिवादीहरुको आपराधिक षडयन्त्र रहेको तथ्य स्थापित भएको देखिँदा देखिँदै उक्त प्रमाणलाई ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • सुरक्षण मुद्रण विकास समितिको अध्यक्ष रहेका निज डा.वैकुण्ठ अर्यालले सो समितिलाई तोकिएको कुनैपनि काम कर्तव्य कानुनी रुपमा पालना नगरी, समितिका अन्य ७ जना सदस्यको अधिकारलाई वेवास्ता गरी सुरक्षण मुद्रण केन्द्रको आ.व. २०७९/८० का नीति, बजेट तथा कार्यक्रमलाई समितिको बैठकबाट स्वीकृत समेत नगराएको, समितिबाट अधिकार प्रत्यायोजन समेत नगराई मन्त्रालयको सचिवको हैसियतबाट कानुनले नदिएको अधिकार समेत प्रयोग गरी कार्यकारी निर्देशक विकल पौडेलको जस्तोसुकै गैरकानुनी काम कारबाही सम्पादन गर्न प्रत्यक्ष सहयोग पुऱ्याई बजेट सिलिङ्ग दिने, वार्षिक बजेट तथा कार्यक्रम अर्थ मन्त्रालयमा पठाई LMBIS मा प्रविष्टि गराउने, कार्यसम्पादन सम्झौता गर्ने, खरिद गुरुयोजना स्वीकृत गर्ने जस्ता काम कारबाहीमा संलग्न भई निज डा.वैकुण्ठ अर्यालले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ ले तोकेका कार्यहरु सम्पादन गर्दा समितिको अध्यक्षको हैसियतले गर्नुपर्ने जिम्मेवारी वहन नगरेको तर मन्त्रालयको सचिवको हैसियतले ऐ.ऐ कानुनले नदिएको अधिकार प्रयोग गरी कार्य गरे/गराएको कारणबाट सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले अन्तःशुल्क स्टिकरको छपाई गर्नेसम्बन्धी गैरकानुनी खरिद कार्य अगाडि बढाई मिलेमतोमा सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) बोलपत्र स्वीकृत गरी कानुन विपरीतको ठेक्का सम्झौता भई पेश्की रकम भुक्तानी गरी नोक्सानी भएको देखिँदा देखिँदै निज प्रतिवादी डा.वैकुण्ठ अर्याललाई सफाई दिने ठहर गरी भएको फैसला प्रमाण विश्लेषणको रोहमा त्रुटिपूर्ण रहेकोले बदरभागी छ। • प्रतिवादी डा.वैकुण्ठ अर्यालले अनुसन्धानको क्रममा बयान गर्दा उक्त खरिद प्रक्रियाको वारेमा आफूलाई जानकारी नै नभएको भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ भने अदालत समक्ष बयान गर्दा खरिद गुरुयोजना र कार्यसम्पादन सम्झौता बमोजिम सम्पूर्ण कार्य गर्ने जिम्मेवारी कार्यकारी निर्देशकको भएकाले मालसामान आपूर्तिको सम्झौता गर्ने, मालसामान खरिदका लागि पेश्की दिने, भुक्तानी दिने लगायतका काम निजकै हुन्छ । यस प्रयोजनका लागि कतिवटा बोलपत्र प्राप्त भए र ती सारभूत रुपमा प्रभावकारी थिए थिएनन् भन्ने विषयमा मलाई कुनै जानकारी छैन भनी कसूरमा इन्कार रहेतापनि सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले मिति २०७९।०५।३० मा लागत अनुमान तयार/स्वीकृत गरी मिति २०७९।०६।०४ (September २०, २०२२) मा राष्ट्रिय दैनिक पत्रिका The Rising Nepal मा Security printing supply and delivery of Excise stamp को बोलपत्र आव्हानको सूचना प्रकाशन गरेको, मिति २०७९/०८/०८ (September २०, २०२२) मा Security printing supply and delivery of Excise stamp को Information for financial proposal opening र मिति २०७९/०८/२६ (December १२, २०२२) मा Security printing supply and delivery of Excise stamp को Letter of Intent समेत जारी गरेको तथा सुरक्षण मुद्रण केन्द्रको मिति २०७९/०९/२९ को पत्रबाट जिल्ला प्रशासन कार्यालय/जिल्ला समन्वय समिति/कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंमा र मिति २०७९/१०/०६ को पत्रबाट सार्वजनिक खरिद अनुगमन कार्यालयलाई Security printing supply and delivery of Excise stamp को खरिद सम्झौता भएको सूचना/जानकारी दिएको पाइन्छ। यसरी शृङ्खलाबद्ध रुपमा

			• **प्रतिवादी सफल श्रेष्ठ**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को खण्ड (झ) बमोजिम ८ (आठ) वर्ष कैद, रु.३,४२,२२,८००।– (तीन करोड बयालिस लाख बाइस हजार आठ सय) जरिबाना र रु.३,४२,२२,८००।– (तीन करोड बयालिस लाख बाइस हजार आठ सय) बिगो असुल उपर हुने ठहर गरी फैसला भएको । • **अन्य प्रतिवादीहरु डा. वैकुण्ठ अर्याल, रितेश कुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही, रविन्द्र प्रसाद पौड्याल, हरिवल्लभ घिमिरे, विष्णुप्रसाद गौतम, शक्तिप्रसाद श्रेष्ठ र Print Cell Pvt.Ltd. ललितपुर र** सोका निर्देशक एवं सञ्चालक **केशव शर्माले** आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको ।	• प्रतिवादी प्रिन्टसेल प्रा.लि. र सो प्रा.लि.का निर्देशक केशव शर्माले सुरक्षण मुद्रण केन्द्रको बोलपत्र प्रक्रियामा खुला प्रतिस्पर्धाका माध्यमबाट समावेश भई सम्झौता बमोजिमको कार्य सम्म गरेको देखिएको र सरकारी सम्पत्ति हानिनोक्सानी गर्ने बदनियतले कार्य गरेको नदेखिएको ।	सुरक्षण मुद्रण केन्द्रले प्रक्रियामा लगेको खरिद कारबाहीको सम्बन्धमा विकास समितिका अध्यक्ष एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव रहेका प्रतिवादी डा.वैकुण्ठ अर्यालले आफूलाई सो सम्बन्धमा जानकारी नै नभएको भनी उल्लेख गरेको बेहोरा गलत तथा भ्रामक रहेको तथ्य पुष्टि हुँदाहुँदै अदालत स्वयंले आत्मगत रुपमा राष्ट्रिय आवश्यकता र महत्त्वको आयोजना कार्यान्वयन गर्ने सदनियतले काम गरेको भन्ने व्याख्या गरी प्रतिवादी वैकुण्ठ अर्याललाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • सम्मानित सर्वोच्च अदालतबाट ×कानूनको अनुचित प्रयोग र कानून प्रदत्त सदविवेकको दुरूपयोग गरी कुनै कार्य वा निर्णय गरीन्छ भने त्यस्तो कार्य वा निर्णय आर्थिक विचलनको द्योतक बन्दछ र यो नै भ्रष्टाचारको आरम्भ विन्दु हुने" भनी प्रतिपादित कानुनी सिद्धान्तको रोहमा समेत विश्लेषण गर्दा सुरक्षण मुद्रण केन्द्र विकास समितिका अध्यक्ष प्रतिवादी डा.वैकुण्ठ अर्याल र सुरक्षण मुद्रण केन्द्का कार्यकारी निर्देशक प्रतिवादी विकल पौडेलबाट स्वेच्छाचारी रुपमा भएका काम कारबाहीलाई सोही कानुनी सिद्धान्तको दृष्टिकोणबाट समेत हेर्नुपर्ने हुन्छ। सुरक्षण मुद्रण केन्द्रको स्थापना गर्ने कानुन (सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश,२०७३ विपरीत निजी कम्पनीबाट छपाई गरी आन्तरिक राजश्व विभागलाई अन्तःशुल्क स्टिकर आपूर्ति गर्ने गरी शुरु भएको उक्त कार्यलाई मन्त्रालयको सचिव एवम् समितिको अध्यक्षको हैसियतमा रहेका निज वैकुण्ठ अर्यालले प्रारम्भिक चरणमै रद्ध वा बदर गराई गैरकानुनी कार्य हुनबाट रोक्नुपर्नेमा सो नगरेको पाइएकोले उक्त कामकारबाहीमा निज प्रतिवादी डा.वैकुण्ठ अर्यालको समेत मिलेमतो रहेको देखिँदा देखिँदै उक्त तथ्य एवं प्रमाणहरुलाई ग्रहण नगरी निज प्रतिवादी डा. बैकुण्ठ अर्याललाई आरोपदाबीबाट सफाई दिनेगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। • सुरक्षण मुद्रण केन्द्रका तत्कालीन पदेन अध्यक्षको भूमिकामा समेत रहेका निज प्रतिवादी डा बैकुण्ठ अर्याल र सो केन्द्रका तत्कालीन कार्यकारी निर्देशक बिकल पौडेल समेतको बदनियतपूर्ण मिलेमतोमा भ्रष्टाचारजन्य कार्य भएको तथ्य विशेष अदालतबाट ठहर भई प्रतिवादी विकल पौडेल समेतलाई आंशिक सजाय भईसकेको अवस्थामा निज प्रतिवादी डा. बैकुण्ठ अर्याललाई आरोपदाबीबाट सफाई दिइ भएको फैसला नेपाल सरकार वि. रेशम चौधरीसमेत भएको मुद्दामा **“एउटै कसुरमा कसैलाई कारबाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिँदा समाजमा व्याप्त "ठुलालाई चैन, सानालाई ऐन" भन्ने भनाई चरितार्थ हुन पुग्छ।..... कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिएमा फौजदारी न्याय मर्छ”** (मुद्दा नं.२०७७-CR-१०७५ को प्रकरण नं.३४८) भनी सम्मानीत सर्वोच्च अदालतवाट भएको फैसलाको मर्म विपरीत देखिन्छ।उक्त फैसलाको अलावा अपराध गर्नको लागि “पिरामिड शैलीमा” तहगत जिम्मेवारी वहन गरेकोमा एउटा तहलाई जिम्मेवार बनाउने र सोही कार्यमा संलग्न अर्को तहलाई उन्मुक्ति दिने कार्य गर्न नपाइने भनी मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल वमोजिमको पिरामिडको माथिल्लो तह) बाटसमेत गरी अव उप्रान्तको थप अनुसन्धान कार्य अबिलम्ब सम्पन्न गर्नु गराउनु **(०८०-WH-००१५ को प्रकरण नं.२६)** भनी सम्मानीत सर्वोच्च अदालतवाट आदेश जारी भएको परिप्रेक्ष्यमा हेर्दा त्यस्तो पिरामिडको माथिल्लो तहलाई सो आदेशको भावना अनुकुल अनुसन्धान गरी न्यायको रोहमा ल्याइएकोमा यी प्रतिवादी डा.बैकुण्ठ अर्याललाई उक्त सिद्धान्तको बर्खिलाप हुने गरी यी प्रतिवादीले कानून विपरीत कार्य गरेको प्रमाणहरु मिसिल संलग्न यथेष्टरुपमा रहदा रहदै तत् प्रमाणहरुलाई गौण मानी निज

प्रतिवादीलाई कसूरवाट उन्मुक्ति दिने विशेष अदालतको फैसला सम्मानित सर्वोच्च अदालतवाट भएको उक्त फैसलाको मर्म, भावना तथा सिद्धान्तसमेतको प्रतिकुल रही बदरभागी छ।

<u>**प्रतिवादी रितेशकुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही र रविन्द्र पौड्यालका हकमा**</u>

- प्रतिवादीहरु रितेशकुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही र रविन्द्र पौड्यालले सुरक्षण मुद्रण विकास समितिको निर्णय बेगर सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशकले स्वेच्छाचारी रुपमा मिति २०७९/०४/१० को पत्रबाट निःशुल्क रुपमा अन्तःशुल्क स्टिकर उपलब्ध गराउने भनी राखेको प्रस्तावलाई अर्थ मन्त्रालयको च.नं.८६, मिति २०७९/०५/०२ को पत्रले स्पष्ट रुपमा अस्वीकार गरेको देखिँदा देखिँदै यी प्रतिवादीहरुले प्रतिवादी विकल पौडेल समेतसँग बदनियतपूर्ण सम्बन्ध राखी आफु कार्यरत आन्तरिक राजश्व विभागको च.नं. ३८१, मिति २०७९/०५/२७ को पत्रबाट सुरक्षण मुद्रण केन्द्रलाई निःशुल्क रुपमा अन्तःशुल्क स्टिकर छपाई गरी आपुर्ति गर्न कायदिश दिने कार्य बदनियत रहेको तथ्य पुष्टि भएको देखिन्छ। आन्तरिक राजश्व विभागबाट यी प्रतिवादीहरुले जारी गरेको च.नं.३८१, मिति २०७९/०५/२७ को पत्रमा उल्लिखित बिषय खण्डमा प्रारम्भिक कार्यदिश भन्ने शव्दावली राखिएको भए तापनि व्यहोरा खण्डमा अन्तःशुल्क टिकट छपाइ तथा आपूर्तिको लागि प्रारम्भिक तयारीको कार्यदिश दिने भनी उल्लेख भएकोले उक्त कायदिश आन्तरिक राजश्व विभागले अन्तःशुल्क ऐन, २०५८ समेतको प्रचलित कानूनी व्यवस्था बमोजिमको प्रक्रिया नपुऱ्याई दिएको देखिँदा यी प्रतिवादीहरुले आफ्नो जिम्मेवारी र पदीय दायित्व बिर्सेर अन्तःशुल्क स्टिकर छपाई तथा आपूर्ति सम्बन्धी कार्य अगाडि बढाउन सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलसँगको मिलेमतोमा बद्नियतपूर्वक प्रचलित कानुन विपरीतको कार्यदिश दिएको तथ्य पुष्टि भएको अवस्था मिसिल संलग्न लिखत प्रमाण (Documentary Evidence) लाई अन्देखा गरी प्रतिवादीहरु रितेशकुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही र रविन्द्र पौड्याललाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।
- प्रतिवादीहरु आन्तरिक राजस्व विभागका तत्कालीन निर्देशक गणेश विक्रम शाही र तत्कालीन शाखा अधिकृत रविन्द्र प्रसाद पौड्यालले अन्तःशुल्क टिकटहरु छपाई गरी विभागलाई आपूर्ति गर्ने प्रारम्भिक कायदिश दिने सिफारिस सहित टिप्पणी पेश गरेको, आन्तरिक राजस्व विभागको तत्कालीन नीति तथा व्यवस्थापन महाशाखामार्फत प्रक्रिया अगाडि बढाउन निर्णयार्थ टिप्पणी पेश गरेको, उपमहानिर्देशक टंक प्रसाद पाण्डेले आफू कार्यरत नीति तथा व्यवस्थापन महाशाखाको कार्यक्षेत्र र जिम्मेवारीमा नपर्ने विषयमा अन्तःशुल्क टिकटहरु छपाई गरी विभागलाई आपूर्ति गर्ने प्रारम्भिक कार्यदिशका लागि महानिर्देशक समक्ष टिप्पणी राय पेश गरेकोमा महानिर्देशक रितेश कुमार शाक्यले मिति २०७९/०५/२७ मा स्वीकृत गरी निःशुल्क रुपमा अन्तःशुल्क स्टिकर छपाई गरी आपूर्ति गर्न सुरक्षण मुद्रण केन्द्रलाई दिएको कार्यदिशकै आधारमा खरिद प्रकृया अगाडि बढी सार्वजनिक सम्पत्ति हानिनोक्सानी भएको तथ्यलाई अनदेखा गर्दै विशेष अदालतवाट निज प्रतिवादीहरुले वित्तीय क्रियाकलापमा कुनै सहभागिता नजनाएको भन्ने आधार ग्रहण गरी प्रतिवादीहरु रितेशकुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही र रविन्द्र पौड्याललाई आरोपदाबीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।
- आन्तरिक राजश्व विभागका तत्कालीन निर्देशक गणेश विक्रम शाही र शाखा अधिकृत रविन्द्र पौड्यालले अनुसन्धानका क्रममा बयान गर्दा आन्तरिक राजस्व विभागको लागि आवश्यक पर्ने

					अन्तःशुल्क स्टिकर सुरक्षण मुद्रण केन्द्रले निःशुल्क रुपमा छपाई गरी आपूर्ति गर्ने सम्बन्धमा मैले टिप्पणी उठान गरी सुपरिवेक्षक समक्ष पेस गरेको हौ, त्यसपश्चात बिभागीय निर्णय बमोजिम प्रारम्भिक कार्यदिशको पत्र तयार गरी प्रेषित गरेको हौ, सुरक्षण मुद्रण केन्द्रलाई दिइएको प्रारम्भिक कार्यदिश पश्चात केन्द्रले विभागसँग कुनै पनि समन्वय नगरी अन्तःशुल्क स्टिकर छपाईको कार्य अगाडि बढाइएको हो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिएतापनि माल सामान खरिद सम्वन्धी आधारभुत प्रक्रियाहरु पूरा नभएको अवस्थामा आफ्नै महाशाखा प्रमुख तत्कालीन उप महानिर्देशक गोविन्द प्रसाद सुवेदी कार्यालयमा हाजिर हुँदा हुदै निजलाई कुनै जानकारी नै नदिई/संलग्न नै नगराई मिति २०७९।०५।२७ मा प्रारम्भिक कार्यदिश दिन तत्कालीन महानिर्देशकबाट स्वीकृत गराएको देखिन्छ। निज प्रतिवादीहरुले अन्तशुल्क स्टिकर खरिद गर्न खरिद सम्बन्धि आधारभुत प्रक्रियाहरु (अन्तशुल्क स्टिकरको विशेषता, प्रकृति,स्पेसिफिकेसन, डिजाईन सहितको ढाँचा स्विकृत नगराएको, अन्तशुल्क स्टिकरको लागत मूल्य नै एकिन नगरेको, अन्तशुल्क स्टिकर छपाई गर्ने सम्वन्धी सुरक्षण मुद्रण केन्द्रको क्षमता र संभाव्यता अध्ययन नै नगरेको, अन्तशुल्क स्टिकर छपाई एवं आपूर्तिको वारेमा सुरक्षण मुद्रण केन्द्र तथा आन्तरिक राजस्व विभाग विच संझौता नै नभएको) पूरा नभएको अवस्थामा सुरक्षण मुद्रण केन्द्रलाई अन्तशुल्क स्टिकर छाप गरी आपूर्तिको लागि प्रारम्भिक कार्यदिश दिएको तथ्य पुष्टि भइरहेको देखिँदा देखिँदै सो तथ्य एवं प्रमाणको विश्लेषण नगरी निज प्रतिवादीहरु रविन्द्र प्रसाद पौड्याल र गणेश विक्रम शाहीलाई आरोप दाविबाटसफाई दिई भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। • आन्तरिक राजश्व विभागका तत्कालीन महानिर्देशक प्रतिवादी रितेशकुमार शाक्य, उपमहानिर्देशक प्रतिवादी टंक प्रसाद पाण्डेयले अनुसन्धानका क्रममा बयान गर्दा सुरक्षण मुद्रण केन्द्रले आफूसँग अन्तःशुल्क स्टिकर छपाईको लागि बजेट व्यबस्था भएको र आन्तरिक राजश्व विभागले निर्धारण गरेको प्रावधान बमोजिम छापेर निःशुल्क रुपमा आपूर्ति गर्ने भनी गरेको प्रस्तावलाई आन्तरिक राजश्व विभागले स्वीकार गर्ने सम्बन्धमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति प्राप्त गरी अन्तःशुल्क स्टिकर प्राप्तिको प्रक्रिया अघि बढाउन प्रारम्भिक कार्यदिश दिइएको हो र प्रारम्भिक कार्यदिश विशुद्ध प्रशासनिक प्रकृतिको निर्णय हो, प्रारम्भिक कार्यदिश अन्तःशुल्क स्टिकर छपाई गर्नको लागि गरीने पूर्वतयारीको लागि दिइएको हो, अन्तःशुल्क स्टिकर छपाईको लागि दिइएको होइन भन्ने समेत बेहोरा उल्लेख गरी बयान गरेको देखिएतापनि आन्तरिक राजश्व विभागलाई चालु आ.व. २०७९/०८० का लागि वियर तथा साइडरमा प्रयोग हुने अन्तशुल्क टिकट ४३ करोड ३२ लाख थान आवश्यक पर्ने देखिन्छ, रोलमा छपाई गर्नु पर्ने उपर्युक्त टिकट जनकशिक्षा सामाग्री केन्द्र लिमिटेडबाट आपूर्ति हुन नसक्ने अवस्था छ, अर्थ मन्त्रालय (माननीय मन्त्रिस्तर) बाट मिति २०७९।०५।२६ गतेमा सुरक्षण मुद्रण केन्द्रसँग अन्तशुल्क स्टिकर लिने सम्वन्धी सम्पुर्ण कारवाही अगाडि बढाउने गरी निर्णय भएकोले माथी उल्लेखित गरिएको परिमाण र संलग्न स्पेसिफिकेशन बमोजिम उचित सुरक्षा प्रबन्ध मिलाई छपाइ गरी आपूर्तिका लागि सुरक्षण मुद्रण केन्द्रलाइ प्रारम्भिक तयारीको कार्यदिश दिने गरी नीति तथा व्यवस्थापन महाशाखा मार्फत प्रक्रिया अगाडि बढाउन निर्णयका लागि टिप्पणी पेश भएकोमा आन्तरिक राजश्व विभागका तत्कालीन महानिर्देशक प्रतिवादी रितेशकुमार शाक्यले उक्त टिप्पणी सदर गरी सुरक्षण मुद्रण केन्द्रलाई अन्तशुल्क स्टिकर छपाई गरी आपूर्तिका लागि प्रारम्भिक कार्यदिश दिएको तथ्यलाई विशेष अदालतले अन्देखा गरी निज प्रतिवादीहरु रितेशकुमार शाक्य र टंक प्रसाद पाण्डेय समेतलाई सफाई

					दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। • आन्तरिक राजश्व विभागले अन्तःशुल्क स्टिकर छपाईको लागि मिति २०७७/०६/२८ मा आव्हान गरेको बोलपत्र (IFB.No.IRD/G/ICB-01-2077/78) को प्रक्रिया उपर सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/०५/२१ मा दायर भएको ०७८-WO-०३०६ रिट निवेदन उपर आन्तरिक राजश्व विभागलाई मद्रास सेक्युरिटि प्रिन्टिङसंग ठेक्का सम्झौता सम्बन्धी कार्यको प्रक्रिया अगाडि नबढाउनु, यथास्थितिमा राखु भनी सम्मानित सर्वोच्च अदालतले मिति २०७८/०५/२३ मा अल्पकालिन अन्तरिम आदेश दिएकोमा सो रिट निवेदनलाई सम्मानित सर्वोच्च अदालतले मिति २०७९/०५/२६ गते सुनुवाई शुरु गरी हेदहिर्दैमा रहेको उक्त मुद्दा भोलिपल्ट अर्थात मिति २०७९/०५/२७ गते सो रिट निवेदन खारेजको फैसला भएकोमा सो पश्चात बोलपत्र (मिति २०७७/०६/२८ मा आव्हान भएको अन्तःशुल्क स्टिकर छपाईको) को बाँकी प्रकृया स्वतः अगाडि बढाउनुपर्नेमा आन्तरिक राजश्व विभागका तत्कालीन महानिर्देशक यी प्रतिवादी रितेश कुमार शाक्यले सोही मितिमै सुरक्षण मुद्रण केन्द्रलाई अन्तःशुल्क स्टिकर छपाई तथा आपूर्ति गर्ने कार्यदेश दिने सम्बन्धमा मिति २०७९।०५।२७ मा निर्णय गर्नु र सोही मितिमा पत्राचार गरी सुरक्षण मुद्रण केन्द्रमा पठाउने कार्य बदनियतपूर्ण रहेको तथ्य स्पष्ट देखिन्छ। यसै गरी उक्त रीट नं ०७८-WO-०३०६ रिट को फैसलाको जानकारी सम्मानित सर्वोच्च अदालतले मिति २०७९/०५/२८ मा आन्तरिक राजश्व विभागलाई दिएकोमा सो रिट निवेदनमा सर्वोच्च अदालत फैसला भएकै दिन (मिति २०७९/०५/२७ मा) आन्तरिक राजश्व विभागबाट सुरक्षण मुद्रण केन्द्रलाई अन्तःशुल्क स्टिकर छपाईको लागि प्रारम्भिक कार्यदिश दिने निर्णयको विषयमा गरेको पत्राचार हेर्दा आन्तरिक राजश्व विभागमा मिति २०७९/०५/२८ गते ३ वटा अन्य पत्र चलानी गरेपश्चात प्रारम्भिक कार्यदिश दिएको मिति २०७९/०५/२७ को पत्र चलानी भएको देखिनुले पनि उक्त प्रारम्भिक कार्यदिशको निर्णय भएको भनी जानकारी दिएको पत्र २७ गतेको नभई २८ गते नै बनाई एक दिन अगाडिको मिति राखी पठाएको तथ्य आन्तरिक राजश्व विभागका कार्यालय सहयोगीहरु श्रीराम यादव अहिर र अप्सरा खड्काले मिति २०८०/१२/१४ गते अनुसन्धान अधिकृत समक्ष गरिदिएको घटना विवरण कागजातबाट समेतबाट पुष्टि भएकोले आन्तरिक राजस्व विभागमा कार्यरत यी प्रतिवादीहरुले सम्मानित सर्वोच्च अदालतको मिति २०७९/०५/२७ को फैसला समेतलाई बेवास्ता गरी सुरक्षण मुद्रण केन्द्रलाई अन्तःशुल्क स्टिकर छपाई तथा आपूर्ति सम्बन्धी कार्यदिश हतार-हतारमा दिएको तथ्यले नै सुरक्षण मुद्रण केन्द्रलाई हानिनोक्सानी गराउने निज प्रतिवादीहरु रितेशकुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही र रविन्द्र पौड्यालसमेतलाई आरोप दावी अनुसार सजाय गर्नु पर्नेमा सो प्रमाणको सुक्ष्म अध्ययन विश्लेषण निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट समेत **"कार्य तत्वले नै बदनियत पत्ता लाग्छ"** (सार्जन पाण्डे बि. नेपाल सरकार सर्वोच्च अदालत बुलेटिन २०६६ पूर्णांक ४१७ पृ १९) भन्ने सिद्धान्त प्रतिपादन भएको अबस्थामा माथि उल्लिखित बदनियतपूर्ण कार्य गरेको पुष्टि हुने लिखत प्रमाण (कार्यालयको अभिलेखका लिखतहरु) लाई प्रमाणमा ग्रहण नगरी निज प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको फैसला उक्त न्यायिक सिद्धान्त विपरीत हुँदा बदरभागी छ। **<u>प्रतिवादी हरिवल्लभ घिमिरे र विष्णु प्रसाद गौतमका हकमाः</u>** • सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत प्रतिवादी हरिवल्लभ घिमिरे र लेखा अधिकृत

					प्रतिवादी विष्णु प्रसाद गौतमले सुरक्षण मुद्रण केन्द्रबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ को उपदफा (१) को देहाय (घ) विपरीतको खरिद विधिको छनौट सहित आ.व.२०७९/८० मा विनियोजित बजेटको भावना विपरीत र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) मा उल्लेख भएका प्रावधान विपरीतको खरिद गुरुयोजना तयार गरी पेश गरेको देखिन्छ । अन्तःशुल्क ऐन, २०५८ अनुसार अन्तःशुल्क स्टिकरको स्पेसिफिकेशन, डिजाईन र लागत अनुमान साधिकार निकाय आन्तरिक राजश्व विभागबाट मात्र स्वीकृत गराई कार्य अगाडि बढाउनु पर्नेमा सोको विपरीत अनधिकृत व्यक्ति राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठलाई अन्तःशुल्क स्टिकर सम्बन्धी Technical Specification, List of Goods & Services, Drawing र लागत अनुमान तयार गर्नको लागि जिम्मेवारी तोक्ने निर्णय प्रक्रियामा समेत निजहरु सहभागी रहेको देखिन्छ । • निज प्रतिवादी हरिबल्लभ घिमिरेले अदालत समक्ष बयान गर्दा कार्यालय प्रमुख (कार्यकारी निर्देशक) को तोक आदेश बमोजिम लागत अनुमान र स्पेसिफिकेशन स्वीकृतिको लागि टिप्पणी पेश गर्ने, बोलपत्र सम्वन्धी कागजात स्वीकृतिको लागि टिप्पणी पेश गर्ने, बोलपत्र मूल्यांकन समितिको सदस्य सचिव भई प्रतिवेदन पेश गर्ने तथा भुक्तानीको लागि टिपपणी पेश गर्ने समेतका कार्य गरेको हुँ भन्ने समेत बेहोरा उल्लेख गरेको देखिए तापनि निजले अनुसन्धानका क्रममा बयान गर्दा कार्यकारी निर्देशकबाट मौखिक निर्देशन प्राप्त भए पश्चात सार्वजनिक खरिद ऐन नियम अनुसार खरिद गुरुयोजना तयार पारेको हो, अन्तःशुल्क स्टिकर सुरक्षण मुद्रण केन्द्रको आफ्नै स्थान तथा मेशिनबाट छाप्ने गरी प्रस्ताव गरिएको हो, यस कार्यमा निजी क्षेत्रको संलग्नता भनेको कार्यस्थल तालिम, कागज/मसी आपूर्ति गर्नुको साथै मर्मत कार्य गर्ने मात्र भूमिका रहेको थियो, अन्तःशुल्क स्टिकर छपाइको जिम्मा निजी कम्पनीलाई दिइएको होइन, अन्तःशुल्क स्टिकरको सम्बन्धमा सम्भाव्यता अध्ययनको बिषयमा मलाइ जानकारी भएन, प्याकेजिङ सम्बन्धी विषय प्राविधिक विषय भएको र मेरो पद, ज्ञान, कार्यक्षेत्र भित्र नपर्ने भएको हुनाले कार्यालय प्रमुखबाट खाका सहितको निर्देशन प्राप्त भएपश्चात खरिद गुरुयोजना तयार पारिएको हो, सार्वजनिक खरिद ऐन २०६३ को दफा १५(१) मा "क" देखि "घ" सम्मको अवस्था उल्लेख नभएको हुँदा ICB नगरी NCB गरिएको हो, बोलपत्र मूल्यांकन समितिमा मैले तिन (३) वटा बोलपत्रदाताहरु मध्ये सारभुत रुपमा प्रभावकारी देखिएको बोलपत्रदातालाई छनौट गरेको हो, Evaluation Criteria के राख्ने सम्बन्धमा मेरो भूमिका नभएको हुनाले सो सम्बन्धमा मलाई जानकारी भएन, सम्झौतामा उल्लेख भए बमोजिम शुरुमा १०% पेश्की र थप १०% पेश्की प्राबिधिकको सिफारिसमा हालसम्म जम्मा २०% पेश्की दिइएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिँदा निज प्रतिवादीको बयान बेहोराबाट अन्तःशुल्क स्टिकर छपाईको बोलपत्र प्रक्रियाका सबै चरणमा निजको संलग्नता रहेको तथ्यलाई निजले स्वीकार गरेको सन्दर्भमा सोही खरिद प्रक्रियाबाट सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रलाई हानिनोक्सानी पुगेको तथ्य विशेष अदालतबाट भएको फैसलामा स्थापित हुँदा हुँदा निज हरिवल्लभ घिमिरेलाई सफाईदिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। • प्रतिवादी विष्णुप्रसाद गौतमले अदालतमा बयान गर्दा आफूलाई मूल्याङ्कन समितिको सदस्य तोकिए बमोजिम मूल्याङ्कन समितिको बैठकमा उपस्थित भएको हुँ, प्राविधिक विज्ञ र खरिद विज्ञबाट तयार गरी पेस गरिएका कागजातहरु भएकोले print cell pvt.ltd को बोलपत्र सारभूतरुपमा प्रभावग्राही रहे/नरहेको भन्न सक्ने अवस्था थिएन भन्ने समेत बेहोरा उल्लेख गरेतापनि निजले अनुसन्धानका

					क्रममा बयान गर्दा कार्यकारी निर्देशकबाट निर्देशन भए अनुसार अन्तःशुल्क स्टिकर सम्बन्धी Technical Specification, List of Good & Services, Drawing तथा लागत अनुमान सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार तयार गरिएको हो, सार्वजनिक खरिद ऐन २०६३ को दफा १५ अनुसार ICB नगरी NCB गरिएको हो, सुरक्षण मुद्रण केन्द्रको भौतिक पुर्वाधार, विजुली, जनशक्ति लगायत उपलब्ध गराउदा लागत घटाउनु पर्ने हो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिएको स्थितिमा बजेट सुनिश्चितताको लागि टिप्पणी पेश गर्ने, खरिद गुरुयोजना तयार गर्ने, लागत अनुमान र स्पेसिफिकेशन स्वीकृतिको लागि टिप्पणी पेश गर्ने, बोलपत्र मूल्यांकन समितिको सदस्य भई प्रतिबेदन पेश गर्ने, भुक्तानीको टिप्पणी पेश गर्ने, मिति २०७९।१०।१६ गते रु.३,४२,२२,८००।—(१०% पेश्की भुक्तानी गर्ने समेतका कार्यमा संलग्न यी प्रतिवादी विष्णुप्रसाद गौतमले उक्त खरिद प्रक्रियाका सवै चरणमा निजको संलग्नता रहेको तथ्यलाई निजले स्वीकार गरेको सन्दर्भमा सोही खरिद प्रक्रियाबाट सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रलाई हानिनोक्सानी पुगेको तथ्य विशेष अदालतबाट भएको फैसलामा स्थापित हुँदा हुदै निज प्रतिवादी विष्णु प्रसाद गौतमलाई आरोप दावीवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। • निज प्रतिवादीहरु हरिवल्लभ घिमिरे सदस्य-सचिव र विष्णु प्रसाद गौतम सदस्यको रुपमा बोलपत्र मूल्याङ्कन समितिमा संलग्न भएको र सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) Print Cell Pvt.Ltd को बोलपत्र छनोट तथा सम्झौताका लागि सिफारिस गरी निर्णय समेत गराएको र सोही सम्झौताको आधारमा पेश्की रकम भुक्तानी समेत गरी/गराई सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रको सम्पत्ति हानिनोक्सानी गराउन निजहरु हरिवल्लभ घिमिरे र विष्णु प्रसाद गौतमले बद्नियतसाथ सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, अन्तःशुल्क ऐन, २०५८ एवं सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ विपरीतका कार्यहरु गरेको देखिँदा देखिँदै निज प्रतिवादीहरुको निर्णायक भूमिका नभएको भन्ने आधार ग्रहण गरी निज प्रतिवादीहरु हरिवलल्लभ घिमिरे र विष्णुप्रसाद गौतमलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । **<u>प्रतिवादी शक्ति प्रसाद श्रेष्ठका हकमा:</u>** • प्रतिवादी शक्ति प्रसाद श्रेष्ठ खरिद विज्ञका रुपमा नियुक्त भई परामर्श उपलब्ध गराउँदा निजले अन्तःशुल्क स्टिकरको छपाई तथा आपूर्ति सम्बन्धी Bidding Document तयार गरेको, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार भएको Standard Bidding Document मा भएका प्रावधानलाई सोही ऐनको दफा ७ को उपदफा (३) को खण्ड (ख) विपरीत हुने गरी सारभूत रुपमा फरक पर्ने प्रावधानहरु (बोलपत्र आव्हानको सूचनाको बुँदा नं. २ एवं Schedule of Requirements को SCOPE मा उल्लेखित प्रावधानहरु समावेश गर्नु, Evaluation Criteria अन्तर्गतका Specific Experience र Financial Situation को Liquidity Requirement सम्बन्धी प्रावधान हटाउनु) समावेश गरी निजले सो Bidding Document तयार गरी पेश गरेको र सोही Bidding Document अनुसार खरिद कारबाही अगाडि बढेको, दर्ता हुन आएका बोलपत्र मूल्याङ्कन समितिमा रही निजले आमन्त्रित विज्ञ सदस्यको रुपमा कार्य गरी सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) Print Cell Pvt.Ltd. को बोलपत्र स्वीकृतिको लागि सिफारिस गरेको र सोही अनुरुप भएको खरिद कार्यबाट सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रलाई हानिनोक्सानी भएको तथ्यलाई अनदेखा गरी निज

					प्रतिवादी शक्ति प्रसाद श्रेष्ठले दिएको परामर्शमा बदनियत समेत नदेखिएको भन्ने आधार ग्रहण गरी निज प्रतिवादीलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । • प्रतिवादी शक्ति प्रसाद श्रेष्ठले अदालत समक्ष कसुरमा इन्कार रही बयान गरे तापनि अनुसन्धानका क्रममा बयान गर्दा सुरक्षण मुद्रण केन्द्रले आफूसँग गरेको सम्झौता अनुसार बोलपत्र सम्वन्धी कागजात तयार गर्ने, बोलपत्र मूल्याङ्कन कार्यमा सहयोग गर्ने, सम्झौताको मस्यौदा तयार गरी दिने कार्यहरु गरेको भनी स्विकार गरेको अवस्था देखिँदा सोही बोलपत्र सम्वन्धी कागजात प्रयोग गरी भएको खरिद कारवाहीमा सारभुतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) Print Cell Pvt.Ltd. को बोलपत्र स्वीकृतिको लागि सिफारिस गरेको र सोही अनुरुप भएको खरिद कार्यबाट सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रलाई हानिनोक्सानी भएको तथ्य स्थापित भई रहेको अवस्था देखिँदा देखिँदै सो तथ्य एवं प्रमाणको अनदेखा गरी निज प्रतिवादी शक्ति प्रसाद श्रेष्ठलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। **<u>प्रतिवादी Print Cell Pvt.Ltd. ललितपुर र सोका संचालक केशव शर्माका हकमाः</u>** • प्रतिवादी Print Cell Pvt.Ltd. ललितपुर र सोका मुख्य व्यक्ति (निर्देशक एवं संचालक) केशव शर्माले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कर्मचारीसँग योजनाबद्ध रुपमा मिलेमतो गरी अन्तःशुल्क स्टिकरको छपाई तथा आपूर्ति सम्बन्धी सुरक्षण मुद्रण केन्द्रबाट आव्हान भएको ठेक्का नं. SPC/G/NCB-02/079-80 को बोलपत्रको प्रक्रियामा Bidding Document मा योग्यता सम्बन्धी आवश्यक कागजात Commitment letter from Original Equipment Manufacturer (OEM) समेत पेश नभएको आफ्नो कम्पनीको सारभूत रुपमा प्रभावग्राही नरहेको (Non-responsive) बोलपत्रलाई सम्बन्धित पदाधिकारीबाट सारभूत रुपमा प्रभावग्राही रहेको भन्ने ठहर गर्न लगाई उक्त बोलपत्र स्वीकृत गर्न लगाई आफूले सम्झौता गरी रु. ६,८४,४५,६००/- (अक्षरेपि छ करोड चौरासी लाख पैंतालिस हजार छ सय) रकम भुक्तानी लिई निज केशव शर्मा र निज संलग्न कम्पनी Print Cell Pvt.Ltd. ले लाभ लिई सुरक्षण मुद्रण केन्द्रलाई हानिनोक्सानी पुगेको तथ्यलाई बेवास्ता गरी निज प्रतिवादी केशव शर्मा र निज संलग्न कम्पनी Print Cell Pvt.Ltd. लाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । **<u>प्रतिवादी विकल पौडेल र सफल श्रेष्ठको हकमाः</u>** • प्रतिवादीहरु विकल पौडेल र सफल श्रेष्ठले आन्तरिक राजस्व विभागसँग अन्तशुल्क स्टिकर छपाईका लागि Print Cell सँग Operate Print Service and Deliver सम्झौता गरी Print Cell को सहभागितामा सुरक्षाका दृष्टिकोणले अति संवेदनशील अन्तःशुल्क टिकट छपाई कार्य अघि बढाई प्रतिवादी प्रिन्टसेललाई बदनियतपूर्वक कै अग्रिम पेश्की भुक्तानी गरेको देखिएबाट सो रकमको प्रयोजनहीन तवरले खर्च हुन गएको अवस्था देखिँदा निज प्रतिवादीहरु विकल पौडेल र सफल श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर पुष्टि भई निज प्रतिवादीहरु उपर जनही बिगो रु.३,४२,२२,८००।— (तीन करोड बयालिस लाख बाइस हजार आठ सय) नोक्सानी गरेको देखिएकाले उक्त कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम दफा ३(१)(झ) बमोजिम सजाय हुने गरी फैसला भई यी प्रतिवादीहरु विरुद्धको कसूरजन्य (Corpus Delicti) कार्य स्थापित भई सकेको देखिन्छ।सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक यी प्रतिवादी विकल पौडेल र आपूर्तिकर्ता Print Cell Pvt.Ltd. विचमा भएको सम्झौताबाट सार्वजनिक संस्था सुरक्षण मुद्रण

					केन्द्रलाइ रु.३८,६७,१७,६४०/- (अक्षेरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस)को दायित्व सृजना भएको देखिएको, उक्त संझौता बदर नभई हालसम्म क्रियाशिल नै रहेको, क्रियाशिल रहेको उक्त संझौतावाट सुरक्षण मुद्रण केन्द्रलाइ सृजित रु.३८,६७,१७,६४०/- (अक्षेरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस) को आर्थिक दायित्व कायम नै रहिरहेको र उक्त करारीय दायित्व दावी गरी आपूर्तिकर्ता Print Cell Pvt.Ltd. ले जुनसुकै समयमा सुरक्षण मुद्रण केन्द्र विरुद्ध दावी गर्न सक्ने अवस्था रहेकोले सो विगोलाई हानिनोक्सानी कै रुपमा लिनु पर्ने अवस्था स्थापित भएकोले यी प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ द्धारा परिभाषित कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिबाना सजाय गर्ने प्रयोजनको लागि उक्त संझौता अनुसारको रकम रु.३८,६७,१७,६४०/- (अक्षेरेपि अठतिस करोड सत्सठ्ठी लाख सत्र हजार छ सय चालिस) लाई विगो कायम गरी सजाय गरी पाउन समेतको मागदावी लिई आरोप पत्र दायर गरिएकोमा विशेष अदालतमा फैसला हुँदा उक्त करारीय दायित्व अनुसार सृजना हुने हानिनोक्सानीको विश्लेषण नगरी केवल पेश्कीको रुपमा भुक्तानी भएको रु. ६,८४,४५,६००/- (अक्षेरेपि छ करोड चौरासी लाख पैतालिस हजार छ सय) लाई मात्र विगो कायम हुने र सोही विगो रु. ६,८४,४५,६००/- लाई समेत दामासाही (वटवारा) गरी प्रतिवादीहरु विकल पौडेल र सफल श्रेष्ठलाई कम सजाय हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिएकोले बदरभागी छ। • सुरक्षण मुद्रण केन्द्रको प्रमुख (कार्यकारी निर्देशक) रहेका प्रतिवादी विकल पौडेलको हकमा उपरोक्त अनुसारको सजायको मागदावीका अतिरिक्त भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ मा कानुनी व्यवस्थालाई हेर्दा सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारीलाई भ्रष्टाचारजन्य कसुरमा हुने सजायमा थप तीन वर्षसम्म कैद सजाय हुने स्पष्ट कानूनी व्यवस्था हुँदा हुँदै विशेष अदालतबाट फैसला गर्दा अभियोजन पक्षले दावी गरेका सवै कानूनी प्रश्नलाई संवोधन नगरी (दावी लिईएको उक्त दफा २४ को हकमा मौन रही) भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। **<u>समग्रतामा</u>** • यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट भ्रष्टाचार मुद्दामा "खास गरेर भ्रष्टाचारको कसुरमा बढी चेतनशील र जागरुक वर्ग नै संलग्न हुने भएको तथा कतिपय अवस्थामा भ्रष्टाचारमा संलग्न दुवै पक्ष लाभग्राही हुने भएकोले यस्ता कसुरको उजुरी परेपनि प्रत्यक्ष प्रमाणको अभाव रहने कारणले गर्दा कानुनी कारबाहीको दायरामा ल्याइएकाहरु पनि अपराधिक दायित्वबाट मुक्त हुने प्रबल सम्भावना रहने गरेको देखिन्छ । भ्रष्टाचारको कसुरमा सामान्यतयाः प्रत्यक्ष प्रमाणको अभाव रहने तथा समाजको क्यान्सररुपी यो रोगको निवारण गरी राज्यमा सुशासनको प्रत्याभूति पनि दिनुपर्ने आजको आवश्यकताको सन्दर्भमा अदालतहरुले भ्रष्टाचारको कसुर प्रमाणित हुने मापदण्डको रुपमा पछिल्लो समयमा आएर परिस्थितिजन्य प्रमाणहरुलाई ग्रहण गर्ने मान्यताको विकास भएको देखिन्छ"(बालमुकुन्द श्रेष्ठ वि. नेपाल सरकार, **भ्रष्टाचार**, ०७५-CR-००५१) भन्ने व्याख्या समेतका विपरीत हुने गरि प्रतिवादीहरु डा. वैकुण्ठ अर्याल, रितेश कुमार शाक्य, टंक प्रसाद पाण्डेय, गणेश विक्रम शाही, रविन्द्र प्रसाद पौड्याल, शक्ति प्रसाद श्रेष्ठ, हरिबल्लभ घिमिरे, विष्णु प्रसाद गौतम र

					प्रतिवादी Print Cell Pvt.Ltd. तथा सोका निर्देशक एवम् संचालक प्रतिवादी केशव शर्मा समेतलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । • यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट शिक्षक मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको मुद्दामा “भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्नेनै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" (नि.नं.१०१४२, भाग ६०, अंक ११) भनी प्रतिपादित सिद्धान्तको प्रतिकूल हुनेगरी उल्लिखित प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाइ हुने गरि विशेष अदालत काठमाडौबाट भएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ । • त्यसैगरी सम्मानित सर्वोच्च अदालतवाट पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा “घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने।" (ने.का.प.२०६६, नि.नं.८०६९, भाग ५१, अंक २ पूर्ण इजलास) भनी प्रतिपादित नजिरको पृष्ठभुमिमा सोको प्रतिकुल हुनेगरी उल्लिखित प्रतिवादीहरुले केवल सजायबाट बच्ने प्रयोजनार्थ कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ। अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव एवम् सुरक्षण मुद्रण विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी डा.वैकुण्ठ अर्याल, आन्तरिक राजश्व विभागका तत्कालीन महानिर्देशक प्रतिवादी रितेश कुमार शाक्य, आन्तरिक राजश्व विभागका तत्कालीन उपमहानिर्देशक प्रतिवादी टंक प्रसाद पाण्डेय, आन्तरिक राजश्व विभागका तत्कालीन निर्देशक प्रतिवादी गणेश विक्रम शाही, आन्तरिक राजश्व विभागका तत्कालीन शाखा अधिकृत प्रतिवादी रविन्द्र प्रसाद पौड्याल, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत प्रतिवादी हरिबल्लभ घिमिरे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत प्रतिवादी विष्णु प्रसाद गौतम र प्रतिवादी Print Cell Pvt.Ltd. तथा सोका निर्देशक एवम् संचालक प्रतिवादी केशव शर्मा समेतलाई आरोप दावीबाट सफाई दिने र सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक प्रतिवादी विकल पौडेल तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक प्रतिवादी सफल श्रेष्ठलाई आरोप दावीभन्दा कम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा प्रस्तुत मुद्दाका उल्लिखित प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ।